# महाबु गाउँपालिका

गैडाबाज दैलेख

कर्णाली प्रदेश नेपाल

# आ व २०८१/०८२ को बजेट तथा कार्यक्रम

गाउँपालिका उपाध्यक्ष श्री मञ्जु कुमारी शर्मापाण्डेद्वारा

महाबु गाउँपालिकाको गाउँ सभाको १५ औ अधिवेशनमा प्रस्तुत

# बजेट वक्तव्य

**गाउँसभाका सदस्यज्यूहरु,**
**उपस्थित कर्मचारी तथा सम्पूर्ण महानुभावहरु,**

आज मुलुक संघ प्रदेश र स्थानीय तह सहितको संघीय संरचनामा गएपछी स्थानीय तहले असारभित्र आगामी वर्षको लागि बजेट तथा कार्यक्रम गाउँसभामा पेश गर्ने संवैधानिक तथा कानूनी प्रावधान अनुसार यस महाबु गाउँपालिकाको गरिमामय गाउँसभाको १५ औ अधिवेशनमा मैले गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले समग्र महाबु गाउँपालिकाको विकास र समृद्धिको खाका सहित महाबु गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को अनुमानित आय, व्यय यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा आफूलाई निकै भाग्यमानी महसुस गहिरहेकी छु । म यस अवसरमा व्यवस्था परिवर्तनका लागी विभिन्न कालखण्डमा विरगती प्राप्त गर्नुहुने महान सहिदहरु र महाबु गाउँपालिकाका स्वर्गिय अध्यक्ष लछुमन गुरुङ्गप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछु । त्यस्तै घाइते, अपाङ्ग तथा वेपत्ता पारिएका व्यक्ति र उहाँहरुका परिवारप्रति उच्च सम्मान र सहानुभुति प्रकट गर्न चाहन्छु।

संविधान र संघीयता कार्यान्वयनको क्रममा संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह गठन पश्चात स्थानीय तहहरुले आफ्नो आगामी आर्थिक वर्षको अनुमानित आय, व्यय र राजश्वको प्रक्षेपण गर्नुपर्ने संवैधानिक र कानूनी व्यवस्था अनुरुप आजको यो गरिमामय सभामा महाबु गाउँपालिकाको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

“ **आर्थिक सामाजिक, संस्थागत र पूर्वाधार विकास सुशासनयुक्त समृद्ध महाबुको आधार** ” भन्ने नारालाई आत्मसात गर्दै संविधानको मर्म र भावना अनुसार जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार भएकोले आम नागरिकहरुको गाउँपालिका प्रति विकास र सेवा प्रवाहको अपेक्षा धेरै हुनु स्वभाविक नै हो । तर निश्चित स्रोत र साधनको उपलब्धताको कारण एकैपटक सवै अपेक्षाहरु पुरा नहुन सक्छन । ती सवै नागरिकहरुका आकांक्षालाई क्रमशः पुरा गर्दै लैजाने वाचा गर्दै आगामी आर्थिक वर्ष २०८१।०८२ को बजेट मार्फत धेरैजसो अपेक्षा सम्बोधन गर्ने जमर्को गरेको छु ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

प्रस्तुत वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम गाउँ कार्यापालिकाको बैठकवाट योजना तर्जुमा

कार्यतालिका तय गरी सोही दिग्दर्शन वमोजिम निम्न प्रक्रिया अपनाईएको छ ।

क) आन्तरिक आयको अनुमान,

ख) नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट अनुदान, राजस्व बाँडफाँड तया रोयल्टीको सीमा र मार्गदर्शन प्राप्त,

ग) श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट बजेट तथा कार्यक्रमका प्राथमिकता निर्धारणका आधार तथा विधि तयार, कूल बजेट अनुमान, सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गरी सबै वडाहरुमा जनसंख्या, भूगोलका आधारमा न्यायोचित रुपमा बजेट बाँडफाँट,

घ) सबै वडाका निर्वाचित जनप्रतिनिधिज्यूहरु तथा कर्मचारीहरुलाई योजना तर्जुमा प्रक्रिया सम्बन्धी अभिमुखिकरण,

ङ) वस्ती स्तरबाट योजना छनौट तथा प्राथमिकीकरण,

च) बडास्तरवाट योजना छनौट तथा प्राथमिकीकरण,

छ) विषयगत समितिबाट योजना र कार्यक्रमहरुको विषय क्षेत्रगत वर्गीकरण र प्राथमिकीकरण,

ज) लक्षित वर्गको उत्थान तथा विकासमा जोड सहित समावेशीकरण हुने गरी बजेट तथा कार्यक्रमहरुको बाँडफाँट र प्राथमिकीकरण,

झ) बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकबाट बजेट तथा कार्यक्रमको प्राथमिकिकरण सहितको प्रस्ताव तयार गरी कार्यपालिका समक्ष पेश,

ञ) गाउँ कार्यपालिकाको बैठकमा बजेट तथा कार्यक्रम माथि छलफल तथा स्वीकृतिका लागि गाउँ सभामा पेश ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान (२०७२), चालु पन्धौ पञ्चर्षीय योजना, दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार संजालन ऐन २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु, विभिन्न राजनीतिक दलहरु, नागरिक समाज, पत्रकार, बुद्दिजिवीहरु तथा विकास साझेदारहरुवाट प्राप्त सुझावहरु, गाउँपालिकाको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा साँस्कृतिक अवस्था लगायत निम्न आधारहरु लिईएको छ।

क) गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

ख) उत्पादनमुलक र छिटो प्रतिफल दिने,

ग) आन्तरिक आय, राजध परिचालन र वृद्धिमा योगदान पुर्याउने,

घ) सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने,

ङ) स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,

च) लैगिक समानता तथा सामाजिक समावेशीकरणमा टेवा पुर्याउने,

छ) दिगो विकास, बातावरण र विपद व्यवस्थापनमा योगदान पुर्याउने,

ज) जलवायु परिवर्तन अनुकूलन क्षमताको विकास गर्ने,

झ) महाबु क्षेत्रको धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक महत्वका सम्पदाको संरक्षणमा योगदान पुर्याउने,

ञ) पोषण तथा खाद्य सुरक्षामा सहयोग पुर्याउने,

ट) स्वास्थ्य सेवालाई प्रभावकारी एवम् विस्तारित बनाउने,

ठ) शिक्षालाई प्राविधिक एवम् व्यवहारिक, प्रविधिमैत्री र गुणस्तरीय बनाउने,

**<u>गाउँसभाका सदस्यज्यूहरु,</u>**

अब म चालु आर्थिक वर्ष २०८०।८१ मा महाबु गाउँपालिकाबाट सम्पादन भएका कार्यक्रम र हाल सम्म भए गरेका कार्यहरुको प्रगति प्रस्तुत गर्न गईरहेको छु ।

महाबु गाउँपालिकाको चालु आ.व. मा विषयगत निकाय बाहेक विनियोजन गरिएको कुल अनुमानित बजेट रु ४५ करोड ४३ लाख ३८ हजार ९ सय २७ र पैसा ६९ मध्ये रु ३७ करोड १८ लाख २६ हजार ५ सय २७ रुपैयाँ ७८ पैसा कुल आम्दानी भएको छ । सो रकम मध्ये यस गाउँपालिकाको खातामा चालु तर्फ रु ३० करोड १४ लाख ३५ हजार १ सय ८५ र पैसा १७ र पुंजीगत तर्फ रु १५ करोड २९ लाख ३ हजार ७ सय ४२ रुपैया ५२ पैसा विनियोजन भएकोमा चालु तर्फ रु २३ करोड ३५ लाख ७९ हजार ९६ पैसा र पूँजीगत तर्फ ७ करोड १८ लाख ३५ हजार ७ सय १६ रुपैया र पैसा १६ मात्र खर्च भएको देखिन्छ । हालसम्म यस गाउँपालिकामा कुल वजेट मध्ये चालु तर्फ ७७।४८ प्रतिशत र पुँजीगत तर्फ ४६।९८ प्रतिशत खर्च भएको । प्रकोप व्यवस्थापन कोषमा ३१ लाख ८६ हजार ७ सय ७१ रुपैयाँ २० पैसा आम्दानी गरीएकोमा हालसम्म १४ लाख ७० हजार ४ सय १५ रुपैयाँ खर्च भएको छ ।

विविध खर्च खातामा ५६ लाख ८७ हजार ७ सय ४ रुपैया र पैसा ६५ आम्दानी भएकोमा ३४ लाख ३० हजार ९ सय १७ रुपैया खर्च भएको छ ।

। चालु खर्च तर्फको रकम गाउँपालिकाका कर्मचारी, पदाधिकारी, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कार्यालय संचालन सम्वन्धि शीर्षकमा खर्च भएको छ भने पूजिगत खर्च तर्फको रकम गाउँपालिका स्तरीय र वडास्तरीय योजना तथा कार्यक्रम र विषयगत शाखाका कार्यक्रम तथा योजनाहरु तर्फ खर्च भएको देखिन्छ ।

**गाउँसभा सदस्यज्यूहरु,**

**अब म चालु आर्थिक वर्ष २०८०।८१ मा महाबु गाउँपालिकाबाट सम्पादन भएका कार्यक्रमहरुको समिक्षा गर्ने अनुमति चाहन्छु ।**

**क) आर्थिक विकास क्षेत्र तर्फ**

१. यस गाउँपालिकालाई प्राप्त सशर्त अनुदान तर्फ वडा नं ४ र ५ मा २ वटा आलुबाली पकेट क्षेत्र लाई निरन्तरता दिई कार्यक्रम संचालन भइसकेको छ । जसबाट २०० घरधुरी लाभान्वित भएका छन् ।

२. महाबु गाउँपालिका भित्र रहेका १२१ कृषि समुहहरु र ९५ वटा कृषि फर्म दर्ता तथा नविकरण भई सोहि समुह मार्फत विभिन्न आय आर्जनका कार्यक्रमहरु संचालन भई रहेका छन् । कृषि मेला प्रदर्शनी कार्यक्रम संचालन गरि १ जना सर्बोत्कृष्ट १ जना उत्कृष्ट र २७ जना कृषकहरुलाई सम्मान गरिएको छ ।

३. कृषकको मागका आधारमा ७५ प्रतिशत अनुदानमा करिब ४०० किसान परिवारलाई हिउदे सिजनको बीउ वितरण गरिएको छ ।खाद्यसुरक्षा तरकारी बीउ वितरण कार्यक्रम तर्फ वडा नं २ र ४ का ५९० किसान परिवारलाई बीउ वितरण गरिएको छ ।

४. महाबु गाउँपालिका वडा नं २ मा एक घर एक करेसावारी कार्यक्रम, वडा नं १,३ र ५ मा मा एक वडा एक पकेट कार्यक्रम संचालन का साथै बाली संरक्षण कार्यक्रम र माटो परीक्षण शिविर संचालन गरिएको छ । जसबाट जम्मा ४२६ घरधुरी लाभान्वित भएका छन् ।

५. भेडा बाख्रामा लाग्ने पिपि आर रोग विरुद्धको खोप, कुकुरलाई रेविज विरुद्धको खोप र कुखुरामा लाग्ने रानीखेत विरुद्धको खोप नियमित लगाईएको छ ।

६. कृषकहरुलाई सुचिकरण गरी परिचयपत्र वितरण गर्न ३३६५ घरधुरीको लगत संकलनको काम सम्मन्न भई तथ्याङ्क प्रमाणीकरणको कार्य भई सकेको छ । छुट भएका कृषक परिवारहरुलाई वडा कार्यालय संग समन्वय गरी विवरण अद्यावधिक गर्ने कार्य भईरहेको छ ।

७. गाई भैसी बाट हुने आम्दानीलाई बृद्धि गर्न पशुहरुमा नश्ल सुधार कार्यक्रम संचालन गरिएको छ ।

८. पशु विमा सचेतनाका लागि वडा नं १ देखि ५ सम्म पशु विमा सचेतना कार्यक्रम संचालन गरिएको छ ।

९. दलित लक्षित बाख्रा प्रवर्द्धन कार्यक्रम अन्तर्गत महाबु गाउँपालिका वडा नं ६ चुदारा टोलका ३० घरधुरीमा बाख्रा वितरण कार्यक्रम सम्पन्न गरिएको छ । पशु सेवा कार्यालय तथा पशु अस्पताल दैलेख संगको साझेदारीमा वडा नं ६ जौखोरियामा बाख्राको खोर निर्माणमा सहयोग गरिएको छ ।
१०. पशु पंछी विकास शाखामा आधारभुत प्रयोगशाखा व्यवस्थित गरिएको छ ।
११. यस गाउँपालिका भित्र विभिन्न प्रकृतिका १६ वटा पुराना सहकारीहरु सक्रिय अवस्थामा रहेका छन् ।
१२. गरिवि निवारणका लागि लघु उद्यम कार्यक्रम र गाउँपालिकाको साझेदारीमा तर्फ रोजगारी सिर्जनाका लागि अचार तथा आलु चिप्स बनाउने तालिम, दालमोठ बनाउने तालिम, सस बनाउने तालिम, बेमौसमि तरकारी सिप विकास तालिम र अल्लो प्रशोधन तालिम संचालन गरिएको छ ।जसबाट ८५ जना नयाँ उद्यमी सिर्जना भएका छन् भने ३० जना पुराना उद्यमिहरुलाई स्तरोन्नति गरिएको छ ।साथै उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेखसंगको समन्वयमा ब्युटिपार्लर तालिम, अल्लो प्रशोधन तालिम, मसला प्रशोधन तालिम, सिलाई कटाई तालिम र होमस्टे व्यवस्थापन तालिम संचालन गरिएको छ ।
१३. विभिन्न लघु उद्यम र घरेलु उद्यमलाई प्रविधिका लागि सामाग्री वितरण गरिएको छ ।

## सामाजिक विकास क्षेत्र तर्फ

१. ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रमलाई पालिकामा रहेका सम्पुर्ण स्वास्थ्य चौकि र सामुदायिक ईकाइबाट विस्तार गर्दै लगिएको छ ।
२. विपन्न कोष मार्फत सेवा लिन २० जना विरामीहरुलाई विभिन्न अस्पतालमा निशुल्क उपचारको लागि सिफारिस गरी पठाइएको छ ।
३. पालिकाका सवै वडाहरुमा ज्येष्ठ नागरीक स्वास्थ्य शिविर संचालन गरीएको छ । जसवाट १५०७ जना सेवाग्राहीलाई स्वास्थ्य सेवा उपलब्ध गराइएको छ ।
४. वालवालिकाहरुमा हुने प्राणघातक सङ्क्रमण रोग बाट बचाउनका लागी प्रति महिना २० वटा खोप केन्द्र बाट नियमित खोप सेवा प्रदान गरिएको छ जसमा यस चालु आ.ब. को हालसम्ममा २ हजार २ सय ११ जनालाई खोपकेन्द्र मार्फत खोप सेवा प्रदान गरिएमको छ ।
५. पुर्णखोप सुनिश्चितता तथा दिगोपनाका लागी जन्मदेखी ५ बर्ष मुनिका बालबालिकाहरुमा पुर्ण खोपको अबस्था पत्ता लगाउनका लागी घरधुरी सर्वेक्षणका माध्यामबाट लाईन लिस्टिङ्ग गरी नियमित खोपमा छुट भएका बालबालिकाहरुलाई खोपको दायरामा ल्याई पुर्णखोप सुनिश्चितता तथा दिगोपना कायम गरिएको छ। जन्मेदेखी १५ महिना सम्मका बालबालिकाहरुले

लगाउनुपर्ने सबै खोपको कभरेजलाई शत प्रतिशत कायम गरिएको छ । हालसम्म पुर्णखोप लगाउने बालबालिकाहरुको सङ्ख्या २ सय ५१ रहेको छ ।

६. स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका समुदायमा स्वास्थ्य सेवा प्रदान गर्नका लागी मासिक रुपमा १६ वटा गाउँघर क्लिनिक मार्फत हालसम्ममा ३ हजार ५ सय १९ जनालाई प्राथामिक उपचार, परिवार नियोजन, सुरक्षित मातृत्व सेवा प्रदान गरिएको छ ।

७. खोप सगै सरसफाईको अबस्थामा सुधार ल्याउनका लागी मासिक २० वटा खोपकेन्द्र मार्फत सरसफई सेसन संचालन गरी सरसफई प्रवर्द्धन गरिएको छ । खोप सगै सरसफाई सेसनमा २५ सय ९२ जना लाई सहभागी गराईएको छ ।

८. समुदाय स्तरमा सचेतना तथा स्वास्थ्य प्रवर्द्धन क्रियाकलापमा संलग्न महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका मार्फत १८ हजार २ सय ३२ जना सेवाग्रहीलाई सेवा प्रदान गरिएको छ ।

९. सुरक्षित मातृत्व सेवालाई थप ब्यवस्थित गर्नका लागी ५ वटा स्वास्थ्य चौकी र ४ वटा सामुदायिक स्वास्थ्य इकाईमा बर्थिङ्ग सेन्टरका माध्यामबाट सुरक्षित प्रसुती सेवा संचालन गरि हालसम्म १८८ जनालाई सुरक्षित प्रसुती सेवा प्रदान गरिएको छ ।

१०. कोभिड १९ महामारी विरुद्ध खोप अभियानहरु प्राथामिकताका साथ संचालन गरिएको छ जसमा ५ देखी ११ बर्ष सम्मका ३ हजार ३ सय ९४ जना बालबालिकाहरुले दोस्रोमात्रा र १२ बर्ष माथिका १० हजार ९ सय ५६ जनालाई द्रोस्रो मात्राको खोप लगाईएको छ ।

११. महाबु गाउँपालिका भित्रका ६८५७ जना जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति र बालबालिकाहरुलाई वडास्तरबाट नै सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

१२. सुनौला हजार दिनका आमाहरुका लागि सबै वडाहरुका पोषण सम्बन्धी अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिएको छ भने गाउँपालिकाका मुख्य स्थान र वस्तिहरुमा पोषण ब्यानर टासि जनचेतना फैलाउने कार्य भएको छ ।

१३. पोषण मैत्री वडा घोषणाका लागी महाबु २ बडाखोलामा २ पटक घर दैलो अभियान सम्पन्न भएको छ । पुरा हुन बाकि सुचकहरुमा विभिन्न कार्यक्रमहरु संचालन भईरहेका छन् ।

१४. जोखिममा परेका नागरिक, दिर्घरोगी, अशक्त जस्ता नागरिकहरूलाई आर्थिक सहायता प्रदान गरिएको छ ।

१५. बैक खाता छोरीको सुरक्षा जीवन भरीको छोरी खाताका लागि १३० जनाको खाता खोलिएको छ । ४१ जनालाई अपाङ्ग परिचयपत्र वितरण गरिएको छ ।

१६. प्रसुति अवस्थामा महिला र नवजात शिशुले अकालमा ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले सम्पुर्ण स्वास्थ्य संस्थामा २४ घण्टा नै सुरक्षित प्रसुती सेवा संचालन गरिएको छ भने महाबु अस्पतालबाट २४ घण्टा नै आकस्मिक सेवा उपलब्ध गराईएको छ ।
१७. बाल स्वास्थ्य मातृ तथा नवजात शिशु सुदृढिकरण व्यवस्थापन कार्यक्रम मार्फत ६१ वटा आमा समुहहरुलाई विभिन्न जनचेतनामुलक कार्यक्रम संचालन गरिएका छन् ।
१८. कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण भई प्रयोगमा आएको छ ।
१९. विद्यार्थीहरुमा रहेको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्न राष्ट्रपति रनिङ्ग शिल्ड, हाजिरी जवाफ प्रतियोगिता, पठनसिप प्रतियोगिता लगायतका अतिरिक्त क्रियाकलापमा संचालन गरिएको छ ।
२०. सामुदायिक विद्यालयहरुमा अध्ययनरत किशोरावस्थाका छात्राहरुको महिनावारी स्वच्छताका लागि जयन्ती मा बि, गैडाबाज मा बि र जगदिश मा बि बिद्यालयमा भेन्डिङ् मेसिन र डिस्पोजल मेशिन जडान गरिएको छ ।
२१. विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्नको लागि यस आ.वमा ८ वटा माध्यमिक विद्यालय सहित २ वटा आधारभुत विद्यालयहरुमा इलेक्ट्रोनिक हाजिरि जडान गरी कार्यान्वयनमा ल्याइएकोछ ।
२२. सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक, विद्यालय कर्मचारी, वालविकास सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुको तलव भत्ता विद्यालयको खातामा निकासा दिने गरिएकोमा यस आ.व को तेस्रो त्रैमासिक देखि EFT मार्फत सोझै व्यक्तिगत खातामा पारिश्रमिक भुक्तानी गरिएको छ ।
२३. यसपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि ३ सम्ममा अध्ययनरत वालवालिकाहरुको प्रारम्भिक अपाङ्गता पहिचान कार्य सम्पन्न भएको छ।
२४. बालविकास सहजकर्ताहरुलाई क्षमता विकास तालिम संचालन भएको छ । साथै शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई क्षमता विकास तालिम संचालन भएकोछ ।
२५. जयन्ती माद्यमिक विद्यालयमा पुस्तकालय र नेरा मा वि गिताचौरमा विज्ञान प्रयोगशाला व्यवस्थापन गरिएको छ ।
२६. राष्ट्रिय खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी सूचना व्यवस्थापन नीति अनुसार NWASH-MIS सूचना प्रणाली विकास कार्य अन्तिम चरणमा पुगेको छ ।

## ग) पुर्वाधार विकास क्षेत्र तर्फ

१. प्रदेश सरकारको सहयोगमा ताराघाट खरिगैरा गैडाबाज घोडामर्चे एकपाटे सडकको स्तरोन्नती गर्ने काम संचालन भई रहेको छ ।साथै ताराघाट खोलामा मोटरेबल पुल र बाँसी गिताचौर जोड्ने खोलामा मोटरेबल पुलको निर्माण कार्य सुरु भएको छ भने महाबु गाउँपालिका वडा नं

२ र भैरवी गाउँपालिका वडा नं १ जोड्ने छामघाट खोला पुलको खरिद प्रक्रियामा रहेको छ ।महाबु गाउँपालिका वडा नं ६ को टाकुरी खोलामा मोटरेवल पुल निर्माणका लागि विस्तृत आयोजना अध्ययन प्रतिवेदन सम्पन्न भएको छ । महाबु गाउँपालिका वडा नं ४ र ५ जोड्ने रवटखोलामा मोटरेवल पुलको निर्माण कार्य भैरहेको छ ।

२. गाउँपालिका भित्रका सडकहरुको नियमित सरसफाई र केही सडकहरुको स्तरोन्नति गरिएको छ ।
३. गाउँपालिका भित्र कुटिडाडाँ सिमलडाडा सडक, गिताचौर भैरबी जोड्ने सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ भने बालिसरा बडाखोला ऐराडी मान्म सडक, गैडाबाज फागु काशिकाध सडकमा स्तरोन्नति कार्य भएको छ ।
४. महाबु गाउँपालिका वडा नं ६ स्थित एकपाटे लामिडाँडा पुल निर्माण कार्य सम्पन्न भएको छ।
५. नेपाल विद्युत प्राधिकरण संगको समन्वयमा पालिकाको करिब ९० प्रतिशत स्थानमा विद्युतका पोल गाड्ने र तार तान्ने काम भई रहेको छ भने केहि दिन भित्रै वडा नं ४ को गिताचौर र वडा नं ५ काशिकाध विद्युत संजालमा जोडिएकोछ ।
६. बासि स्वास्थ्य चौकीको भवन निर्माण कार्य सम्पन्न भएको छ भने सामुदायिक स्वास्थ्य ईकाइ ऐराडी र टाकुरीको भवन निर्माण कार्य शुरू भएको छ । ५ नं वडा कार्यालय भवन आफ्नै प्रशासकीय भवनबाट सेवा प्रवाह गर्न थालेको छ ।
७. यस आर्थिक वर्षमा साना ठुला गरी ९ वटा सिचाँई कुलो, १२ वटा सिचाँई पोखरी, १४ वटा मन्दिर निर्माण तथा मर्मत, २५ वटा खानेपानी योजना, २८ वटा साना ठुला सडकहरु, ३ वटा स्थानमा तटबन्धन र ४१ वटा गोरेटो बाटो निर्माण सम्पन्न भएको छ ।
८. हेल्भेटास संगको साझेदारीमा करिब ४०० घरधुरीमा एक घर एक धारा निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।
९. सडक बोर्ड नेपाल संगको साझेदारीमा गैडाबाज बजार बडाखोले सडकमा ८५ मिटर सडक पिसिसि गर्ने कार्य सम्पन्न भएको छ ।
१०. विपन्न तथा आर्थिक अवस्था कमजोर भएका ६२ परिवारलाई सोलार वितरणको कार्य सम्पन्न गरिएको छ
११. विभिन्न रोजगारका कार्यक्रमबाट बेरोजगारको सुचीमा सुचिकृत भएका ३६५ जना व्यक्तिहरुलाई न्यूनतम ५० दिनको रोजगारीको अवसर सिर्जना गरिएको छ ।

## घ) वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र तर्फ

१. विपद जोखिम न्यूनिकरण तथा ब्यवस्थापन कार्ययोजना अन्तर्गत समुदाय सहभागी नक्सांङ्कन वाट गाउँपालिकाको खुला क्षेत्रको पहिचान गर्ने कार्य सम्पन्न भएको छ ।
२. पालिकामा आपतकालिन कार्यसंचालन केन्द्र संचालनमा ल्याइएको छ ।
३. पालिकामा चटयाङ्गवाट मृत्यु भएका परिवारका सदस्यहरुलाई राहत स्वरुप प्रति परीवार रु ५० हजार उपलब्ध गराइएको छ ।भने चटयाङ्गमा परी घाइते भएका हरुलाई निशुल्क एम्बुलेन्स र औषधी उपचार वापतको रकम भुक्तानी गरिएको छ ।
४. विपद, दिर्घ रोगी र आर्थिक अवस्था कमजोर भएका २१ जना ब्यक्तिलाई कार्यपालिकाको निर्णय अनुसार राहत उपलब्ध गराइएको छ ।
५. वर्षातको समयमा घर चुहिने र आर्थिक अवस्था कमजोर भएका ३०० विपन्न परीवारका ब्यक्तिहरुलाई त्रीपाल वितरण गरिएको छ ।
६. गाउँपालिका र साहस नेपालको साझेदारीमा पालिका स्तरिय कृत्रिम घटना अभ्यास कार्यक्रम सम्पन गरिएको छ ।
७. चटयाङ्गवाट हुने क्षति र बच्ने उपायहरुका सम्बन्धमा विद्यालयस्तरमा जनचेतनामूलक कार्यक्रम गरी स्टीकर वितरण गर्ने कार्य सम्पन्न गरिएको छ ।
८. सिकाइ परियोजनाको सहयोगमा चटयाङ्गवाट हुने क्षतिलाई कम गर्न विस्तृत अध्ययन भैरहको छ ।

## ङ) सुशासन तथा संस्थागत तर्फ

१. सबै वडा कार्यालय र राजश्व शाखामा विद्युतिय प्रणाली मार्फत राजश्व संकलन गर्ने कार्यको शुरुवात गरिएको छ ।
२. कुमारी बैंकसँगको सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई वडास्तरमा नै वितरण गर्ने व्यवस्था मिलाई तेस्रो त्रैमासिक सम्मको सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्य सम्पन्न भई सकेको छ ।
३. गाउँपालिकाको सेवा प्रवाहलाई व्यवस्थित बनाउन हाल सम्म २८ वटा ऐन, ४ वटा नियमावली, ३ वटा निर्देशिका, ४१ वटा कार्यविधिहरु स्विकृत भएका छन् ।
४. चालु आर्थिक वर्षमा गाउँपालिकाका १६ वटा बैठक, विभिन्न विषयगत समितिका बैठक, शिक्षा समितिका बैठक आवश्यकता अनुसार न्यायीक समितिका बैठक र २ वटा नगर सभा संचालन भएका छन् ।
५. लेखा प्रणालीलाई व्यवस्थित गर्न सुत्र, खरिद प्रक्रियालाई व्यवस्थित गर्न पाम्स र विद्युतिय भुक्तानी प्रणाली (EFT) प्रयोग गरिएको छ ।

६. बार्षिक योजना किताब, त्रैमासिक वुलेटिन, वेवसाइट र फेसबुक मार्फत गाउँपालिकाका गतिविधिहरु सार्वजनिक गर्ने गरिएको छ ।

७. रु १ लाख ५० हजार भन्दा कमका आयोजनाहरु वडा स्तरीय अनुगमन समिति र सो भन्दा माथिका आयोजनाहरु गाउँपालिका स्तरिय अनुगमन समितिले आयोजना अनुगमन गर्ने गरिएको छ ।

८. गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य चौकिहरु र १० वटा विद्यालयहरुमा विद्युतिय हाजिरी जडान गरिएको छ ।

९. गाउँपालिका र वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गरिएको छ ।

१०. नेपाल सरकारका पूर्व सचिव कृष्णहरी बाष्कोटाबाट स्थानीय सरकार संचालनका विविध आयाम र सकारात्मक सोच सम्बन्धी तालिम संचालन गरियो साथै कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानसंगको सहकार्यमा जनप्रतिनिधि र कर्मचारीहरुका लागि लै स सास तथा नेतृत्व विकास सम्बन्धी ३ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

११. महाबु गाउँपालिकाको स्थानीय आवधिक योजना र भूबर्गिकरण योजना निर्माणको कार्य अन्तिम चरणमा पुगेकोछ ।

१२. सुचनाको हक सम्बन्धी नियमावली बमोजिम हरेक ३।३ महिनामा प्रकाशन गर्नु पर्ने स्वत प्रकाशन सम्बन्धी सुचना प्रकाशन गरी पारदर्शिता कायम गर्ने काम गरिएको छ ।

१३. महालेखा परीक्षकको बार्षिक प्रतिवेदन अनुरुप महाबु गाउँपालिकाको कुल लेखापरीक्षण भएको रकमको ०।३५ प्रतिशत मात्र रकम बेरुजु जनाएको छ जुन कर्णाली प्रदेशको दोस्रो र दैलेख जिल्लाको पहिलो हो । साथै विगतका आर्थिक वर्षहरुको करिब ७ करोड ५० लाख समेत सम्परीक्षण गरि फछ्र्यौट गरिएको छ ।

१४. गाउँपालिकाबाट हुने खरिद प्रक्रियालाई व्यवस्थित गर्नका लागि विद्युतिय खरिद प्रणालीलाई अबलम्बन गरिएको छ ।

**<u>गाउँसभाका सदस्यज्यूहरु,</u>**

अब म चालु आर्थिक वर्षको बजेट तथा कार्यकम कार्यान्वयनको क्रममा सामाना गर्नु परेका समस्याहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

क) भौतिक पूर्वाधारका योजना निर्माण गर्दा उपभोक्ता समितिसंग ढिलो सम्झौता हुनु र कार्यक्रम सम्पन्न गरी आ.व.को अन्तिम महिनामा मात्र भुक्तानीका लागि फाइल पेश गर्नु ।

ख) विकास निर्माणमा जनसहभागीताको अवस्था कमजोर स्थिति भएको ।

ग) संघ र प्रदेशवाट प्राप्त कार्यक्रमहरुमा रकम अप्रयाप्त हुदाँ गाउँपालिकालाई थप भार परेको ।

(घ) बाल विकास कर्मचारी, विद्यालय कर्मचारी तथा शैक्षिक गुणस्तर शिर्षकबाट नियुक्त गरिएका शिक्षकहरु, कर्मचारी लगायतको तलब भत्ता वित्तीय समानीकरण अनुदानवाट खर्च गर्न नमिल्ने र गाउँपालिकाको आन्तरिक आम्दानी न्यून भएको कारण समस्या उत्पन्न भएको ।
ङ) पूर्व सम्भाव्यता र लागत लाभ विश्लेषण विना योजना छनौट गरी कार्यान्वयन गनीले अपेक्षित उपलब्धि हासिल हुन नसक्नु ।
च) अत्याधिक टुक्रे योजना हुने भएकाले गुणस्तरीयता कायम गर्न र योजनाको सम्पूर्ण कार्य पुरा गर्न कठिन हुनु ।
छ) समयमै खरिद सम्झौता नगर्नु, सम्झौता अनुसार काम नहुनु समयमै अनुगमन मुल्यांकनका क्रममा दिईएका सुझाबहरु उपभोक्ता समिति र निर्माण व्यावासीले पालना नगर्नु आदि कारणबाट समयै योजना सम्पन्न गर्न ढिलाई हुनु ।
ज) दक्ष कामदारको अभाव हुनु ।

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म अगामी आर्थिक वर्ष २०८१।०८२ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु । बजेटका उद्देश्य निम्नानुसार प्रस्तुत गरेको छु ।

क) आर्थिक, सामाजिक, पुर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन लगायतका क्षेत्रगत योजनाको निर्माण कार्यमा नागरिकहरुलाई प्रत्यक्ष रुपमा रोजगारी प्राप्त गर्ने गरी अन्तरसम्बन्धित गराई दिगो विकासको अवधारणा अनुसारका संरचनाहरु निर्माण गर्ने,
ख) नागरिकहरुको मौलिक अधिकारको रुपमा रहेको स्वास्थ्य तथा शिक्षा क्षेत्रमा उल्लेख्य उपलब्धी हासिल गर्न संस्थागत विकास लगायत जनशक्ति विकास र क्षमता विकास हुने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,
ग) व्यवसायिक कृषि खेती र पशुपालन गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने कृषकमैत्री कार्यक्रमहरुको निर्माण गरी आयात प्रतिस्थापन र निर्यात व्यवस्थापन कार्यमा जोड दिने,
घ) गाउँपालिका क्षेत्रमा रहेका धार्मिक एवं सांस्कृतिक पर्यटकीय क्षेत्रको विकास, प्रबर्द्धन र प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटनलाई प्रवर्द्धन गर्ने,
ङ) लक्षित वर्ग समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक सशक्तिकरण गरी समावेशी एवं समन्यायिक विकासको माध्यमबाट रोजगारीको अवसर सृजना गर्ने,
च) नेपाल सरकार, कर्णाली प्रदेश सरकार तथा विभिन्न विकास साझेदारहरुसँगको साझेदारीमा गाउँपालिकाका ठूला पूर्वाधार विकासमा जोड दिने,
छ) सार्वजनिक श्रोतको प्रभावकारी परिचालन गरी प्राथमिकिकृत लगानी, आर्थिक अनुशासन, नविन प्रविधिको उपयोग र प्रशासनिक सुधार गरी सुरक्षा र सुशासन कायम गर्ने ।

बजेट तथा कार्यक्रमका माथि उल्लेखित उद्देश्यहरु प्राप्त गर्नको लागि देहाय अनुसारका प्राथमिकताहरु प्रस्तुत गरेको छु ।

क) दिगो विकासका अवधारणा अवलम्बन गर्दै प्रयोगकर्तामैत्री पूर्वाधार निर्माण,
ख) पूर्वाधार निर्माणका लागि अन्तर सरकार तथा विकास साझेदारहरुसँग साझेदारी प्रबर्द्धन,
ग) सामाजिक चेतना, नागरिक सशक्तिकरण, सामाजिक न्याय र समावेशीकरण,
घ) सुशासन प्रवर्द्धन र गुणस्तरीय र पहुँचयोग्य सार्वजनिक सेवा,
ङ) कृषिमा आधुनिकीकरण तथा यान्त्रिकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि,
च) धार्मिक, साँस्कृतिक तथा पर्यापर्यटन प्रवर्द्धन र प्रचार प्रसार,
छ) प्रविधिमैत्री, सिपमूलक, आयमुलक तथा जिवनोपयोगी शिक्षा,
ज) बातावरण संरक्षण तथा विपद जोखिम व्यवस्थापन,
झ) स्वास्थ्य सेवामा नागरिकको पहुँच बद्धिका लागि स्वास्थ्य पूर्वाधार जनशक्ति विकास र संस्थागत सुदृढीकरण,
ञ) आन्तरिक आयमा बृद्धि ।

**गाउँ सभा सदस्यज्यूहरु**

नेपालको संविधान जारी भएपछि मुलुकमा संघीयता कार्यान्वयन भई स्थानीय तहलाई प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्ने स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्देशित गरे बमोजिम महाबु गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को बजेट पेश गर्ने अनुमति चाहन्छु ।

महाबु गाउँपालिका अन्तर्गत तपसिल बमोजिमका विधेयकहरु स्वीकृति गरि कार्यान्यमा ल्याईनेछ।

<u>**तपशिल**</u>

(क) विनियोजन विधेयक, २०८१
(ख) आर्थिक विधेयक, २०८१

**गाउँ सभा सदस्य ज्यूहरु**

अब म आर्थिक वर्ष २०८१।०८२ मा संचालन गरिने मुख्य मुख्य क्रियाकलापहरुको को अनुमानित व्ययको विवरण पेश गर्ने अनुमति चाहान्छु ।

**अनुमानित व्ययः**

१. संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत तथा मौज्जात परामर्श सेवा अन्तर्गत महाबु गाउँपालिकामा वित्तीय हस्तान्तरण भई आएको रकमबाट चालु खर्च तर्फको **३१ करोड १४ लाख ५९ हजार ७ सय ५३ रुपैया** व्यय हुने अनुमान गरि बजेट बिनियोजन गरेको छु ।

२. संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत तथा मौज्जात परामर्श सेवा अन्तर्गत महाबु गाउँपालिकामा वित्तीय हस्तान्तरण भई आएको रकमबाट पूँजीगत खर्च तर्फको **१३ करोड रुपैयाँ** व्यय हुने अनुमान गरि बजेट बिनियोजन गरेको छु ।

३. महाबु गाउँपालिकालाई संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत, मौज्जात परामर्श सेवा तथा अन्य कार्यक्रमबाट समेत गरी कुल बजेट **४४ करोड १४ लाख ५९ हजार ७ सय ५३ रुपैया** व्यय हुने यस गरिमामय गाउँसभामा अनुमान गरि बजेट बिनियोजन गरेको छु ।

४. यसपटक वडाहरुको लागि तपसिल बमोजिमको बजेट सिलिङ्ग निर्धारण गरिएको छ ।वडागत रुपमा सिलिङ्ग निर्धारण गर्दा जनसंख्या, भुगोल, लागत सहभागिताको अवस्था, आन्तरिक आय र पुर्वाधार विकासको अवस्थाको आधार लगिएको छ । महाबु गाउँपालिकाका ६ (छ) वटै वडाहरुमा पूर्वाधार विकासका लागि पूँजीगत तर्फ तपसिल बमोजिमको रकम विनियोजन गरेको छु ।

तपसिल

| वडा नं | विनियोजित रकम | कैफियत |
|---|---|---|
| १ | ४३ लाख ५० हजार | |
| २ | ४३ लाख ५० हजार | |
| ३ | ४७ लाख | |
| ४ | ४४ लाख | |
| ५ | ४५ लाख | |
| ६ | ४७ लाख | |
| कुल जम्मा | २ करोड ७० लाख | |

**गाउँसभाका सदस्यज्युहरु**

अव म क्षेत्रगत रुपमा आ व २०८१।०८२ का लागि क्षेत्रगत रुपमा विनियोजन गरेको बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

| सिलिंग अनुसार स्वीकृत आयोजना र कार्यक्रम | स्वीकृत रकम |
|---|---|
| **क) आर्थिक विकास** | **७३००००००.००** |
| १. कृषि विकास | १९०००००.०० |
| २. पशुपंछि विकास | १९०००००.०० |
| ३. उद्योग तथा वाणिज्य | १५०००००.०० |
| ४. पर्यटन | १७०००००.०० |
| ५. सहकारी | ३०००००.०० |
| **ख) सामाजिक विकास** | **११९५००००.००** |
| १. शिक्षा युवा तथा खेलकुद | २००००००.०० |
| २. स्वास्थ्य सेवा | २२०००००.०० |
| ३. बहुक्षेत्रीय पोषण कार्यक्रम | ८०००००.०० |
| ४. खानेपानी तथा सरसफाई | २०००००.०० |
| ५. सामाजिक सुरक्षा तथा पञ्जिकरण | ११०००००.०० |
| ६. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण | १८५००००.०० |
| ७. महाबु अस्पताल संचालन तथा व्यवस्थापन | ३८०००००.०० |
| **ग) पूर्वाधार विकास** | **१६००००००.००** |
| १. स्थानीय सडक मर्मत तथा स्तरोन्नति | ३००००००.०० |
| २. मर्मत सम्भार | २५०००००.०० |
| ३. सिँचाई | १५०००००.०० |

| | |
|---|---|
| ४. भवन तथा सहरी विकास | २९००००००.०० |
| ५.उर्जा | ३०००००.०० |
| ६. पालिका गौरबका योजना | ४००००००.०० |
| ७. खानेपानी योजना | १८०००००.०० |
| **घ) बन, वातावरण, जलवायु परिवर्तन तथा विपद ब्यवस्थापन** | **१७०००००.००** |
| १. बन तथा भु संरक्षण | २०००००.०० |
| २.फोहोरमैला व्यवस्थापन | ५०००००.०० |
| ३. विपद ब्यवस्थापन | १००००००.०० |
| **ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | **५१२००००.००** |
| १. सामान्य सेवा | १२७००००.०० |
| २. स्थानीय न्याय सम्पादन | ५०००००.०० |
| ३. सुरक्षा ब्यवस्थापन | ४०००००.०० |
| ४. सुशासन प्रर्वद्धन | २९५००००.०० |
| साझेदारी बजेट | २२८५००००.०० |
| वडागत बजेट | २७००००००.०० |
| जम्मा बजेट | ९१९२००००.०० |

**गाउँसभाका सदस्यज्यूहरु**

महाबु गाउँपालिकाको प्रशासनिक कार्यसंचालनको लागि गाउँकार्यपालिको कार्यालय, वडा कार्यालय,स्वास्थ्य संस्था तर्फ कर्मचारी तलव भत्ता, गाउँपालिका अनुदान शिक्षक र कर्मचारीहरुको तलब भत्ता तथा सेवा सुविधा, पदाधिकारी/जनप्रतिनिधि सुविधा, मसलन्द तथा कार्यालय संचालन, इन्धन, बैठक भत्ता, सभा संचालन खर्च, मेशिनरी औजार मर्मत सम्भार, क्षमता विकास तालिम संचालन, अतिथि सत्कार, सुचना तथा संचार, पत्रपत्रिका, सुचना प्रकाशन तथा

विज्ञापन, विभिन्न पुस्तक छपाइ तथा प्रकाशन, अनुगमन तथा मुल्याङकन खर्च, कर्मचारी कल्याणकारी कोष, सेवा परामर्श खर्च लगायतका अन्य चालु प्रकृतिका कार्यक्रम संचालनको लागि रु. ९ करोड ४५ लाख २७ हजार ७ सय ५३ विनियोजन गरेको छु ।

**गाउँसभाका सदस्यज्युहरु**

नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट वित्तिय हस्तान्तरण भई आएका सशर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान तर्फ निर्धारित योजना तथा कार्यक्रम संचालनका लागि २५ करोड ५० लाख १२ हजार विनियोजन भएको छ जस मध्ये केहि मुख्य मुख्य निर्धारित आयोजना तथा कार्यक्रम तपसिल बमोजिम उल्लेख गर्ने अनुमति चाहन्छु ।

| क्र.सं. | आयोजना तथ कार्यक्रम | विनियोजित रकम | बजेट स्रोत |
|---|---|---|---|
| १ | गायखोला मुहान भै टाकुराडाँडा विरौटा कुलो निर्माण महाबु ३ | १५ लाख | प्रदेश सर्सत |
| २ | सिमखेत देखि राँचुलाटोल सम्म सिँचाई कुलो निर्माण महाबु ४ | १५ लाख | प्रदेश सर्सत |
| ३ | सिम पहिरो तटबन्धन महाबु १ | १५ लाख | प्रदेश सर्सत |
| ४ | दोविल्ला सम्सेलीभर सिमलडाँडा पदमार्ग निर्मांण महाबु ६ | १५ लाख | प्रदेश सर्सत |
| ५ | जगदिश मा वि डाँडागाउँ लामकानथान स्तरोउन्नी महाबु २ | १५ लाख | प्रदेश सर्सत |
| ६ | फागु काँशिकाध सडक स्तरोउन्ती महाबु ५ | १५ लाख | प्रदेश सर्सत |
| ७ | भैरव मा वि रानिवन भवन निमार्ण महाबु ६ | १० लाख | प्रदेश सर्सत |
| ८ | बालानन्द स्मृति पुस्तकालय २ कोठे भवन निर्माण गैडाबाज मा वि | १८ लाख | प्रदेश सर्सत |
| ९ | वडा कार्यालय भवन निमार्ण महाबु ६ | २० लाख | प्रदेश सर्सत |
| १० | खामखोला आग्रिखेत टतबन्धन महाबु ३ | २० लाख | प्रदेश सर्सत |
| ११ | ताराघाट बलिसेरा नदी नियन्त्रण महाबु २ | १५ लाख | प्रदेश सर्सत |
| १२ | जालीखोला देखि बन्डाली थान मौरिफाक खेत सिचाई कुलो निर्माण महाबु ३ | ८ लाख | प्रदेश सर्सत |
| १३ | कालढुङ्गा खेत सिँचाई योजना महाबु ३ | ७ लाख | प्रदेश सर्सत |
| १४ | काट्टेखोला स्थीत छहरे खेत सिँचाई महाबु २ | १० लाख | प्रदेश सर्सत |

| | | | |
|---|---|---|---|
| १५ | ताराघाट सिमखेत बालीसेरा सिँचाई महाबु २ | १० लाख | प्रदेश सर्सत |
| १६ | फागु काँशिकाध वडा सडक स्तरोउन्नी महाबु ५ | २० लाख | प्रदेश सर्सत |
| १७ | खोप क्षेत्र पर्यटन पूर्वाधार निर्माण महाबु ३ | १० लाख | प्रदेश सर्सत |
| १८ | पाल्ती प्रा वि भवन निर्माण तथा घेरवार महाबु १ | १० लाख | प्रदेश सर्सत |
| १९ | प्रमुख बालीहरुमा बाली कटानी | २० हजार | प्रदेश सर्सत |
| २० | कृषि प्रसार, खाद्य सुरक्षा तथा षोषण सुधार सहयोग कार्यक्रम | २ लाख | प्रदेश सर्सत |
| २१ | पशु आहार तथा स्वास्थ्य सुधारका लागि प्रोबायोटिक तथा घाँसको बीउ/विरुवा कार्यक्रम | १ लाख ५० हजार | प्रदेश सर्सत |
| २२ | वडा कार्यालय भवन निमार्ण महाबु ४ | ५० लाख | प्रदेश सर्सत |
| २३ | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोषेली कार्यक्रम | ७ लाख ६५ हजार | प्रदेश सर्सत |
| २४ | स्वास्थ्य स्वयंमसेविकाहरुलाई प्रोत्साहन कार्यक्रम | ६ लाख १० हजार | प्रदेश सर्सत |
| २५ | ३ वडा कार्यालयदेखि गैडाबाज जोड्ने सडक स्तरोउन्ती महाबु गा पा ३ र ४ | ५० लाख | प्रदेश समपुरक |
| २६ | दोबाटो देखी वडा कार्यालय मान्म सडक महाबु गा.पा. २ | ५० लाख | प्रदेश समपुरक |
| २७ | सामुदायिक स्वास्थ्य इकाई टाकुरी भवन निर्माण महाबु ६ | ४० लाख | प्रदेश विषेश |
| २८ | पोषण मैत्री गाउँपालिका विषेश कार्यालय | ३० लाख | प्रदेश विषेश |
| २९ | काँशिकाध स्वास्थ्य चौकी भवन निर्माण महाबु ५ | १ करोड ५० लाख | संघीय विशेष |
| ३० | बाल स्वास्थ्य मातृ तथा नवजात शिशु सृदि्ढीकरण व्यवस्थापन कार्यक्रम १ देखि ६ वडा | १ करोड ५० लाख | संघीय विशेष |
| ३१ | टाकुरी खोला एकपाटे लामिडाँडा झो पु | ८ लाख | संघीय सर्सत |

**गाउँसभाका सदस्यज्यूहरु**

अव म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

महाबु गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१।०८२ को लागि कुल बजेट मध्ये ३१ करोड १४ लाख ५९ हजार ७ सय ५३ चालु तर्फ र पूँजिगत तर्फ १३ करोड रुपैया गरी कुल ४४ करोड १४ लाख ५९ हजार ७ सय ५३ रुपैया को बजेट पेश गरेको छु । जसमध्ये चालु खर्च तर्फ ७०।५५ प्रतिशत र पूँजिगत तर्फ २९।४५ प्रतिशत विनियोजन गरिएको छ ।
आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोने स्रोत मध्ये नेपाल सरकारको समानीकरण अनुदान बाट रु. ८ करोड २९ लाख, सर्शत अनुदानबाट रू. १७ करोड ६२ लाख ८७ हजार , विशेष अनुदानबाट ३ करोड, र राजश्व वाडफाड बाट ८ करोड ७६ लाख व्यहोरिनेछ ।

त्यस्तै कर्णाली प्रदेश सरकारको समानिकरण अनुदान तर्फबाट रू. ९० लाख २० हजार, सर्शत अनुदानबाट रू. ३ करोड १७ लाख २५ हजार, विशेष अनुदानबाट ७० लाख, समपुरक अनुदानबाट रू. १ करोड र राजध बाँडफाँडबाट रू.९ लाख २७ हजार ७५३ रुपैया व्यहोरिनेछ ।
महाबु गाउँपालिकाको आन्तरिक राजधवाट ५५ लाख र मालपोत कार्यालयबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशनवाट ५ लाख गरी जम्मा रु. ४४ करोड १४ लाख ५९ हजार ७५३ रुपैयाँ व्यहोरिनेछ ।

गाउँसभाका सदस्यज्यूहरु,

अब म आगामी आर्थिक वर्ष २०८१।०८२ को राजस्व परिचालनको नीति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

कर प्रणालीलाई आर्थिक र सामाजिक न्यायका लागि उपयोग गर्ने नीति लिइनेछ । शिक्षा, स्वास्थ्य लगायतका आधारभुत सेवा सुविधामा लगानी वृद्धि एवम् नागरिकको पहुँच विस्तार गरी जीवनस्तरमा सुधार ल्याउन, गाउँपालिकाको पुर्वाधार विकासका लागि आवश्यक स्रोत जुटाउन र नागरिक हित एवम् सामाजिक-आर्थिक न्याय प्रत्याभूत गर्न राजश्व परिचालनलाई दीगो, भरपर्दो, व्यवस्थित र अनुमानयोग्य बनाउनु राजश्व नीतिको मुख्य उद्देश्य हुनेछ । उपयुक्त उद्देश्य हासिल गर्न देहाय बमोजिमको राजश्व नीति अवलम्बन गरिनेछ ।

क) करको दायरालाई विस्तार गर्न अनौपचारिक रुपमा संचालनमा रहेका सबै प्रकारका व्यवसायलाई दर्ता तथा अभिलेखिकरण गरी गाउँपालिका बाट प्रवाह हुने सेवासँग आवद्ध गरिने छ । साथै गाउँपालिका भित्र संचालनमा रहेका सम्पूर्ण उद्योग व्यावसायलाई औपचारिक रुपमा दर्ता हुन आएमा निश्चित अवधिसम्म करमा विशेष छुट तथा थप सुविधा प्रदान गर्न कर संकलनका लागि घुम्ती शिविर संचालन गरिने छ ।

ख) गाउँपालिकाको आन्तरिक श्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशिल कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करका दायरा विस्तार र राजस्व चुहावट नियन्त्रण प्रभावकारी बनाईनुका साथै मुल्याङ्कनमा आधारित सम्पत्ति कर घोषणाको नीति अवलम्बन गरिनेछ ।
ग) गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तयार भई कार्यान्वयनमा रहेको र यसमा थप राजश्वका क्षेत्रहरु पहिचान गर्दै आगामी वर्ष देखि राजध अभिवृद्धि गर्न सोही कार्ययोजना लाई कार्यान्वयन गरी आन्तरिक राजश्व वृद्धि गर्न आवश्यक ऐन कानून र नियमावली बनाईनेछ ।
घ) कर तथा गैरकर सम्बन्धी ऐन तर्जुमा गरी राजश्व प्रणालीलाई सुदृढीकरण गरिने छ ।
ङ) राजश्वको दायरालाई फराकिलो गर्नुका साथै राजश्व वृद्धि हुने खालका नवप्रवर्द्धनकारी क्षेत्रको पहिचान गरिनेछ ।
च) महाबु गाउँपालिकाको कर राजश्वको अभिलेख अद्यावधिक गरी राजश्व असुलीलाइ थप प्रभावकारी बनाइनेछ

**गाउँसभाका सदस्यज्यूहरु**

प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी समृद्ध महाबु गाउँपालिका निर्माण गर्नमा सहयोग तथा सहकार्यका लागि नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदारहरु, निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, गाउँपालिकाका कर्मचारीहरु, आमनागरिक र सम्पूर्ण बुद्धिजीवी एवं प्रबुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

अन्त्यमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा रचनात्मक सल्लाह, सुझाव तथा सहयोग प्रदान गर्नुहुने विभिन्न राजनीतिक दलहरु, जनप्रतिनिधीज्यूहरु, विषयगत समितिका संयोजक एवम् सदस्यज्यूहरु, नागरिक समाज, पत्रकारज्यूहरु, विभिन्न विकास साझेदार निकाय तथा कर्मचारीमित्रहरु लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद ।**

मञ्जु कुमारी शर्मा पाण्डे
उपाध्यक्ष एवं का बा अध्यक्ष
महाबु गाउँपालिका दैलेख